प्रदेश सरकार

2078/01/06

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

गोरखापत्र दैनिक

# द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने कार्यक्रम सम्बन्धी सूचना

सूचना पुनः प्रकाशित मिति २०७८।०१।०७ गते

संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनितिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने शहिद, मृतक, बेपत्ता परिवार, घाईते तथा अपाङ्गता भएका व्याक्ति एवं परिवारलाई स्वास्थ्य, शीप विकास तथा क्षमता अभिबृद्धि र रोजगारी लगायतका कार्यक्रममा सहयोग गर्ने आर्थिक वर्ष २०७७/०७८ को नीति कार्यक्रम तथा बजेटमा भएको व्यवस्था अनुसार प्रदेश सरकारबाट स्वीकृत "**द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७७**" अनुसार बागमती प्रदेश भित्रका १३ वटा जिल्लाका द्वन्द्व प्रभावित व्यक्ति र परिवारका सदस्यलाई सहायता गर्ने कार्यक्रम रहेकोले कार्यविधि अनुसार विगत बर्षहरुमा प्रदेश सरकारवाट यस बमोजिमको सहायता रकम नलिएका द्वन्द्व प्रभावित व्यक्ति र परिवारका सदस्यले देहाय बमोजिमको कुनै एक शीर्षकमा सहायता प्राप्तिका लागी कार्यविधिको दफा ५ को उपदफा (१) बमोजिमका कागजातहरु संलग्न गरी तोकिएको विवरण खुलाई २०७८ बैशाख १५ भित्र सम्बन्धित स्थानीयतहमा रहेको स्थानीय समिति समक्ष कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन गर्नुहुन सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**सहायता सम्बन्धी व्यवस्था**

(१) औषधि उपचार

(२) शीप विकास

(३) स्वरोजगार मूलक व्यवसाय

थप जानकारीको लागी सम्बन्धित स्थानीय तह र मन्त्रालयको

**Website: www.moial.bagamati.gov.np वा**

फोन नं.०५७-५२२८४१,५५२७५१३,५२७५१४ मा बुझ्न सकिने छ।